खत्याड गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

खत्याड, मुगु

कर्णाली प्रदेश, नेपाल

## नगर प्रहरी(गाउँपालिका प्रहरी) हवल्दार/जवान पदको पाठ्यक्रम

**परीक्षाको किसिमः**

| क्र.सं. | चरण | विवरण | पूर्णाङ्क | उत्तीर्णाङ्क |
|---|---|---|---|---|
| १ | प्रथम चरण | प्रारम्भिक स्वास्थ्य परीक्षण परीक्षा | - | - |
| २ | | शारीरिक तन्दुरुस्ती परीक्षा | १०० | ४० |
| ३ | तेस्रो चरण | लिखित परीक्षा | १०० | ४० |
| ४ | चौथो चरण | अन्तर्वार्ता परीक्षा | २० | - |

## प्रथम चरण

### १. प्रारम्भिक स्वास्थ्य परीक्षण

प्रारम्भिक स्वास्थ्य परीक्षण गर्दा कुनै उम्मेदवारको देहायको अवस्था देखिएमा निजहरु पहिलो चरणबाटै बाहिर हुनेछन र निजहरुलाई शारीरिक तन्दुरुस्ती परीक्षण परीक्षामा सहभागी गराइने छैन।

क. उचाई पुरूषको हकमा ५ फिट ३ इन्च र महिलाको हकमा ४ फिट ५ इन्च भन्दा कम भएमा,

ख. पुरूषको हकमा छाती नफुलाउँदा ३१ र फुलाउँदा ३३ इन्च नभएमा,

ग. तौल पुरुषको हकमा ५० के.जी. र महिलाको हकमा ४५ के.जी. भन्दा कम भएमा,

घ. आँखा +२ वा -२ भन्दा बढी कमजोर भएमा,

ङ. अस्वभाविक शारीरिक बनावट भएमा,

### २. शारीरिक तन्दुरुस्ती परीक्षण परीक्षा

| विवरण | ३०० मि. दौड | लङ जम्प | सिट अप | पुस अप | चिन अप/पुल अप | ३००० मि. दौड | जम्मा अंक |
|---|---|---|---|---|---|---|---|
| पूर्णाङ्क | २० | १० | १० | १० | १० | ४० | १०० |
| उत्तीर्णाङ्क | ८ | ४ | ४ | ४ | ४ | १६ | ४० |

नोटः कुनै पनि ईभेन्टसमा अनुत्तीर्ण हुने उम्मेदवारलाई सो भन्दा पछि हुने ईभेन्टमा सहभागि गराइने छैन

**क.३०० मिटर दौडः**

| क्र.सं. | पुरूषको लागि समयावधि | पुरूष/महिला अंक २०.०० | महिलाको लागि समयावधि |
|---|---|---|---|

बासुदेव कार्की
प्रमुख प्रशासकीय अधिकृत

| | | | |
|---|---|---|---|
| १ | ४५ सेकेण्ड वा सो भन्दा कम | २० | ५५ सेकेण्ड वा सो भन्दा कम |
| २ | ४७ सेकेण्ड सम्म | १८ | ५७ सेकेण्ड सम्म |
| ३ | ४९ सेकेण्ड सम्म | १६ | ५९ सेकेण्ड सम्म |
| ४ | ५१ सेकेण्ड सम्म | १४ | ६१ सेकेण्ड सम्म |
| ५ | ५३ सेकेण्ड सम्म | १२ | ६३ सेकेण्ड सम्म |
| ६ | ५४ सेकेण्ड सम्म | १० | ६५ सेकेण्ड सम्म |
| ७ | ५६ सेकेण्ड सम्म | ८ | ६७ सेकेण्ड सम्म |
| ८ | ५६ सेकेण्ड भन्दा बढी | अनुत्तीर्ण | ६७ सेकेण्ड भन्दा बढी |

**ख. लङ जम्प:**

| क्र.सं. | पुरूषको लागि दुरी | पुरूष/महिला अंक १०.०० | महिलाको लागि दुरी |
|---|---|---|---|
| १ | १५ फिट वा सो भन्दा माथि | १० | १२ फिट वा सो भन्दा माथि |
| २ | १४ फिट सम्म | ८.५ | ११ फिट सम्म |
| ३ | १३ फिट सम्म | ७ | १० फिट सम्म |
| ४ | १२ फिट सम्म | ५.५ | ९ फिट सम्म |
| ५ | ११ फिट सम्म | ४ | ८ फिट सम्म |
| ६ | ११ फिट सम्म पनि गर्न नसक्ने | अनुत्तीर्ण | ८ फिट सम्म पनि गर्न नसक्ने |

**ग. सिट अप:**

| क्र.सं. | पुरूषको लागि पटक | पुरूष/महिला अंक १०.०० | महिलाको लागि पटक |
|---|---|---|---|
| १ | २० पटक वा सो भन्दा माथि | १० | १५ पटक वा सो भन्दा माथि |
| २ | १८ पटक सम्म | ८ | ११ पटक सम्म |
| ३ | १५ पटक सम्म | ६ | ८ पटक सम्म |
| ४ | १२ पटक सम्म | ४ | ५ पटक सम्म |
| ५ | १२ पटक सम्म पनि गर्न नसक्ने | अनुत्तीर्ण | ५ पटक सम्म पनि गर्न नसक्ने |

**घ. पुस अप**

| क्र.सं. | पुरूषको लागि पटक | पुरूष/महिला अंक १०.०० | महिलाको लागि पटक |
|---|---|---|---|
| १ | २० पटक वा सो भन्दा माथि | १० | १४ पटक वा सो भन्दा माथि |
| २ | १७ पटक सम्म | ८ | ११ पटक सम्म |
| ३ | १४ पटक सम्म | ६ | ८ पटक सम्म |
| ४ | १० पटक सम्म | ४ | ४ पटक सम्म |
| ५ | १० पटक सम्म पनि गर्न नसक्ने | अनुत्तीर्ण | ४ पटक सम्म पनि गर्न नसक्ने |

**ङ. चिन अप/पुल अप:**

| क्र.सं. | पुरूषको लागि पटक | पुरूष/महिला अंक | महिलाको लागि पटक |
|---|---|---|---|

| | | १०.०० | |
|---|---|---|---|
| १ | १२ पटक वा सो भन्दा माथि | १० | ३ पटक वा सो भन्दा माथि |
| २ | १० पटक सम्म | ८ | २ पटक सम्म |
| ३ | ८ पटक सम्म | ६ | १ पटक सम्म |
| ४ | ५ पटक सम्म | ४ | ३० सेकेण्ड सम्म पनि झुण्डिन सक्ने |
| ५ | ५ सेकेण्ड सम्म पनि गर्न नसक्ने | अनुत्तीर्ण | ३० सेकेण्ड सम्म पनि झुण्डिन सक्ने |

**च. ३००० मि. दौड**

| क्र.सं. | पुरूषको लागि समयावधि | पुरूष/महिला अंक ४०.०० | महिलाको लागि समयावधि |
|---|---|---|---|
| १ | १४ मिनेट वा सो भन्दा कम | ४० | १८ मिनेट वा सो भन्दा कम |
| २ | १५ मिनेट सम्म | ३६ | १९ मिनेट सम्म |
| ३ | १६ मिनेट सम्म | ३० | २० मिनेट सम्म |
| ४ | १७ मिनेट सम्म | २६ | २१ मिनेट सम्म |
| ५ | १८ मिनेट सम्म | २२ | २२ मिनेट सम्म |
| ६ | १८ मिनेट भन्दा बढी | अनुत्तीर्ण | २२ मिनेट भन्दा बढी |

## दोस्रो चरण

३. **लिखित परीक्षा:** गाउँ प्रहरी हवल्दार र जवान पदको लिखित परीक्षाको पाठ्यक्रम

पूर्णाङ्क: १०० समय: २ घण्टा

उत्तीर्णाङ्क: ४०

**लिखित परीक्षा योजना**

| खण्ड | विषय | अंकभार | परीक्षा प्रणाली र प्रश्न सङ्ख्या | समय |
|---|---|---|---|---|
| क | नेपाली रचना | २० | विषयगत<br>नेपाली लेखन<br>(२ प्रश्न × ५ अंक = १०)<br>नेपाली व्याकरण<br>(२ प्रश्न × ५ अंक = १०) | |
| ख | अंग्रेजी | २० | विषयगत<br>(५ प्रश्न × ४ अंक = २०) | |
| ग | गणित | २० | विषयगत<br>(५ प्रश्न × ४ अंक = २०) | |
| घ | सामान्य ज्ञान,<br>प्रहरी सेवा,<br>बौद्धिक परीक्षण | ४० | वस्तुगत वहुउत्तर प्रश्न<br>(२० प्रश्न × १ = २०)<br>(१० प्रश्न × १ अंक = १०)<br>(१० प्रश्न × १ अंक = १०) | |

चित्याड गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
चित्याड, मुगु
कर्णाली प्रदेश, नेपाल

बासदेव कार्की
नि.प्रमुख प्रशासकीय अधिकृत

खण्ड "क"

**नेपाली - २० अंक**

१. **नेपाली लेखन** लामो उत्तर(२ प्रश्न × ५ अंक = १०)

(क) राष्ट्रिय गान

(ख) निबन्ध लेखनः आधारभूत तह(कक्षा ८) र एस.एल.सी/एस.ई.ई सम्मका लागि उपयुक्त हुने सरल प्रकारको कुनै दुई शिर्षक मध्ये एक विषयमा कम्तीमा १०० शब्द नघटाई निबन्ध लेखन।

(ग) चिठ्ठी वा निवेदन लेखनः आधारभूत तह(कक्षा ८) र एस.एल.सी/एस.ई.ई सम्मका लागि उपयुक्त हुने सरल प्रकारको कार्यालय प्रयोजनको लागि चिठ्ठी वा निवेदन लेखन

२. **नेपाली व्याकरण** छोटो उत्तर(२ प्रश्न × ५ अंक = १०)

(क) सामान्य नेपाली व्याकरण(नाम, सर्वनाम, करण, अकरण र लिङ्ग परिवर्तन) सम्बन्धी सामान्य जानकारी

(ख) शब्दार्थः (प्रचलित शब्दको अर्थ)

(ग) वाक्यमा प्रयोगः (प्रचलित शब्दको वाक्यमा प्रयोग)

(घ) विपरीतार्थक शब्दः (प्रचलित शब्दको विपरित अर्थ)

(ङ) शुद्ध लेखनः (अशुद्ध गरी लेखिएको सामान्य किसिमको वाक्यलाई शुद्ध गरि लेखे)

खण्ड "ख"

**अंग्रेजी -२० अङ्क**

**1. Basic skill and knowledge in English** (5 question×4 marks = 20)

(a) Translation English to Nepali and Nepali to English(simple sentences, simple present tense with 3 to 5 words)

(b) Word Meaning

(c) Matching different words according to their suitable words/groups

(d) Spellling Writing(Two and Three digit numbers)

(e) Singular/Plural(simple word)

खण्ड "ग"

**गणित - २० अङ्क**

१. **प्रथम खण्ड** (५ प्रश्न × २ अंक = १०)

(क) जोड(ठाडो/तेस्रो तीन अंक सम्मको)

(ख) घटाउ(ठाडो/तेस्रो तीन अंक सम्मको)

(ग) गुणन(दुई अंक सम्मको)

(घ) भाग(दुई अंक सम्मको)

(ङ) अङ्क र अक्षरमा लेखन(चार अंक सम्मको)

२. **द्वितीय खण्ड** (५ प्रश्न × २ अंक = १०)

क सरलीकरण(जोड, घटाउ, गुणन र भागको प्रयोग गरेर हल गर्न मिल्ने सामान्य किसिमको सरल)

ख गणितिय शाब्दिक समस्या(जोड, घटाउ, गुणन र भागको प्रयोग गरेर हल गर्न मिल्ने सामान्य किसिमको गणितिय शाब्दिक समस्या)

खण्ड "घ"

## सामान्य ज्ञान, सेवा सम्बन्धी तथा बौद्धिक परीक्षण - ४० अङ्क

१. **सामान्य ज्ञान (२० प्रश्न × १ = २०)**

(क) नेपालको भूगोल सम्बन्धी सामान्य ज्ञान

- क्षेत्रफल, सिमाना, भौगोलिक र राजनैतिक(संघ,प्रदेश र स्थानीय तह) विभाजन
- नदी तथा हावापानीको आधारमा नेपालको विभाजन
- नेपालका प्रमुख शिखर, नदी, ताल, कुण्ड, भञ्ज्याङ्ग र झरनाहरु
- नेपालमा पाइने वन तथा वनस्पति
- संरक्षित जनावर तथा जडिबुटी
- नेपालका राष्ट्रिय निकुञ्ज तथा संरक्षित क्षेत्र

(ख) नेपालको इतिहास सम्बन्धी सामान्य जानकारी

- ऐतिहासिक, धार्मिक तथा पर्यटकीय दृष्टिले नेपालका महत्वपूर्ण स्थलहरु
- नेपालको आधुनिक इतिहास

(ग) नेपालमा प्रचलित धर्म, भाषा, संस्कृति, जातजाती र जनसङ्ख्या सम्बन्धी ज्ञान

(घ) नेपालको वर्तमान संविधान(जारी मिति, भाग, धारा र अनुसूची संख्या)

(ङ) स्थानीय सरकार सञ्चालन ऐन, २०७४ सम्बन्धी सामान्य जानकारी

२. **नगर प्रहरी(गाउँ प्रहरी) सम्बन्धी जानकारी (१० प्रश्न × १ अंक = १०)**

- नगर प्रहरी(गाउँ प्रहरी)को जिम्मेवारी तथा गाउँपालिकाको विविध विषय सम्बन्धी जानकारी
- नगर प्रहरी(गाउँ प्रहरी) को पद तथा दर्जा सम्बन्धी
- ट्राफिक सम्बन्धी(ट्राफिक चिन्ह, सडक संकेत र ट्राफिक नियम
- महत्वपूर्ण समसामयिक राष्ट्रिय घटनाहरु(आर्थिक, सामाजिक, राजनैतिक, खेलकुद)

३. **बौद्धिक परीक्षण(आई.क्यु.) (१० प्रश्न × १ अंक = १०)**

- शाब्दिक अनुक्रम, समरुपता, वर्ग्रीकरण, कोडिङ-डिकोडिङ, मिल्दो नमिल्दो छुट्याउने, दिशा र दुरी ज्ञान सम्बन्धी परीक्षण

नि.प्रमुख प्रशासकीय अधिकृत

## नगर प्रहरी(गाउँ प्रहरी) हवल्दार र जवान पदको लिखित परीक्षाको नमूना प्रश्नपत्र

पूर्णाङ्कः १०० | समयः २ घण्टा

उत्तीर्णाङ्कः ४०

सत्याड गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय सत्याड, मुगु कर्णाली प्रदेश, नेपाल

### खण्ड "क" नेपाली-२० अङ्क

**१.प्रश्नको उत्तर दिनुहोस। लामो उत्तर (२ प्रश्न × ५ अंक = १०)**

(क) नेपालको राष्ट्रिय गान लेख्नुहोस ।

(ख) गाउँपालिकामा रहेका विभिन्न किसिमका भौतिक सामाग्रीहरुको सुरक्षाकव लागि गाउँ प्रहरीले कसरी सुरक्षा दिन सक्छ सो विषय/व्यहोरा खुलाई प्रमुख प्रशासकीय अधिकृतलाई निवेदन लेख्नुहोस।

**२.उत्तर लेख्नुहोस। छोटो उत्तर (५ प्रश्न ×२ अंक = १०)**

(क) नाम/सर्वनाम छुट्याउनुहोस (अ) पुस्तक (आ) हामी

(ख) लिङ्ग परिवर्तन गर्नुहोस (अ) बाख्रा (आ) लोग्ने

(ग) विपरीत शब्द लेख्नुहोस। (अ) दुर्गम (आ) राम्रो

(घ) वाक्य बनाउनुहोस। (अ) पुस्तक (आ) बिक्री

(ङ) करण/अकरण परिवर्तन गर्नुहोस। (अ) तिनीहरु खाना खान्छन (आ) म घर जान्न

(च) शब्दको अर्थ लेख्नुहोस। (अ) प्राचिन (आ) भकुण्डो

(छ) शुद्ध गरी लेख्नुहो।

(अ) मेरो अछ्यर रामरो छैन (आ) मलाइ यो शंसार शुन्दर लाग्छ

### खण्ड ख अंग्रेजी-२० अंक

Answer the question (5 question× 4 marks = 20)

1. Translate the following(4×1=4)
   नेपाल सुन्दर छ। (Translate into English)
   I read in class Ten(नेपालीमा उल्था गर्नुहोस।)
   I can play football(नेपालीमा उल्था गर्नुहोस।)
2. Write rthe spelling of given number(4×1=4)
   (a) 21 (b) 50 (c) 110 (d) 223
3. Write the meaning of the following words in Nepali(4×1=4)
   (a) Police (b) Game (c) Money (d) Social
4. Match the words with their meaning (4×1=4)

| | |
|---|---|
| Nepal | Sugar |
| Tea | Capital |
| Water | Country |
| Kathmandu | Tap |

5. Change singular to plural/plural to singular
   (a) boat (b) house (c) cat (d) river

बसुदेव कार्की
नि.प्रमुख प्रशासकीय अधिकृत

## खण्ड ग गणित-२० अंक

गाउँ कार्यपालिकाको कार्यालय
खत्याड गाउँपालिका
खत्याड, मुगु
कर्णाली प्रदेश, नेपाल

**१. प्रथम खण्ड(२ प्रश्न × ५ अंक =१०)**

(क) हल गर्नुहोस।

(अ) जोड गर (आ) घटाउ गर (इ) गुणन गर (ई) भाग गर

(क) ३६ + २९ (ख) ९०८ + २८७ (क) ३८ - २७ (ख) ३६८ - २०५ (क) ८८ × २० (ख) २०५ × ५३ (क) ९६/३ ख) २०५/५

(उ) तलका अक्षरलाई अंकमा अंकलाई अक्षरमा लेख्नुहोस।

(क) तीन हजार नौ सय अठासी (ख) ५४३

**२. द्वितीय खण्ड(२ प्रश्न × ५ अंक =१०)**

(ख) हल गर्नुहोस।

(अ) २०/५×३+१९-२८

(आ) रामले बजारबाट एउटा कलमलाई ५० रुपैंयामा र कापीलाई ३५ रुपैंयामा किन्यो भने उसले जम्मा कति रुपैंयाको सामान किन्यो ?

(इ) कृष्णले एउटा साईकल रु १५००० मा किनी हरीलाई रु १२००० मा बेच्यो भने उसलाई कति रुपैया घाटा भयो?

(ई) एक किलो सुन्तलाको मूल्य ७० पर्छ भने १० किलो सुन्तलाको मूल्य कति पर्छ होला ?

(उ) २ किलो चामलको मूल्य रु २२० पर्छ भने १ किलो चामलको मूल्य कति पर्छ होला ?

## खण्ड "घ" सामान्य ज्ञान, सेवा सम्बन्धी, बौद्धिक परीक्षण - ४० अक

**(अ) समान्य ज्ञान** (२० प्रश्न × १ =२०)

(१) नेपालको वर्तमान राष्ट्रिय गानका संगितकार को हुन ?

(क) नातिकाजी (ख) अम्बर गुरुङ (ग) शम्भुजित बास्कोटा (घ) हरिवंश आचार्य

(२) गौतम बुद्धको जन्मस्थल कहाँ हो ?

(क) कपिलबुस्तु (ख) नवलपरासी (ग) रुपन्देही (घ) काठमाण्डौ

(३) २०७२ साल बैशाख १२ गतेको महा-भुकम्पको केन्द्रविन्दु कुन जिल्लामा रहेको थियो ?

(क) सिन्धुपाल्चोक (ख) गोरखा (ग) नुवाकोट (घ) रसुवा

(४) नेपालको संविधानमा कति प्रदेशको संघीय संरचनाको व्यवस्था छ?

(क) ५ (ख) ६ (ग) ७ (घ) ८

(५) तलका मध्ये नेपालसँग सिमाना नजोडिएको देश कुन हो ?

(क) चीन (ख) भारत (ग) भुटान (घ) माथिका सबै

(६) प्रसिद्ध शे-फोक्सुण्डो ताल कुन जिल्लमा पर्छ?

(क) जुम्ला (ख) हुम्ला (ग) कालिकोट (घ) डोल्पा

(७) नेपालका अन्तिम राणा प्रधानमन्त्री को हुन ?

(क) वीर शमशेर (ख) चन्द्र शमशेर (ग) जुद्ध शमशेर (घ) मोहन शमशेर

(८) काठमाण्डौ उपत्यकाको स्थापना कसले गरेका हुन ?

(क) पृथ्वीनारायण शाह (ख) मञ्जुश्री (ग) मानदेव (घ) महेन्द्र मल्ल

(९) न्याय नपाए गोरखा जानु कसको भनाई हो ?

(क) द्रव्य शाह (ख) नरभूपाल शाह (ग) राम शाह (घ) पृथ्वीनारायण शाह

(१०) नेपालको वर्तमान संविधानमा कति भाग र कति धारा रहेका छन?

बासुदेव कार्की
प्रमुख प्रशासकीय अधिकृत

(क) ३५ भाग ३०८ धारा (ख) ३० भाग ३०८ धारा (ग) ३५ भाग ३०६ धारा (घ) ३५ भाग ३०५ धारा

(११) क्षेत्रपलको हिसाबले नेपालको सबैभन्दा ठुलो जिल्ला कुन हो ?

(क) हुम्ला (ख) काठमाण्डौ (ग) डोल्पा (घ) झापा

(१२) कर्णाली प्रदेशमा जम्मा कति वटा जिल्ला रहेका छन?

११ (ख) १३ (ग) १२ (घ) १०

(१३) नेपालको अग्लो हिमशिखर कुन हो ?

(क) सगरमाथा (ख) कन्चनजंगा (ग) मकालु (घ) चोयु

(१४) नेपालको कुल क्षेत्रफल कति छ ?

(क) १४७१८१ (ख) १४११८१ (ग) १४७१४१ (घ) १४४१८१

(१५) प्रहरी दिवस कहिले मनाइन्छ ?

(क) भदौ मसान्त (ख) असोज मसान्त (ग) भदौ ३० गते (घ) असोज २९ गते

(१६) नेपालमा कति प्रकारको हावापानी पाइन्छ ?

(क) ४ (ख) ५ (ग) ६ (घ) ७

(१७) बुद्ध धर्मको धार्मिक ग्रन्थलाई के भनिन्छ ?

(क) वचनामृत (ख) वाइवल (ग) त्रिपिटक (घ) कैवाल

(१८) तलका मध्ये संरक्षित पंक्षी कुन होइन ?

(क) डाँफे (ख) मुनाल (ग) चीर (घ) काग

(१९) बहुमूल्य जडिबुटी यार्सागुम्बा नेपालको कुन भागमा पाईन्छ ?

(क) पहाडी (ख) हिमाली (ग) तराई (घ) भित्री मधेश

(२०) रारा राष्ट्रिय निकुञ्जको क्षेत्रफल कति छ ?

(क) १०३ वर्ग कि.मि. (ख) १०५ वर्ग कि.मि. (ग) १०६ वर्ग कि.मि. (घ) १०८ वर्ग कि.मि.

## (आ) प्रहरी सेवा (१० प्रश्न × १ अंक = १०)

(१) गाउँ प्रहरी जवान पदमा भर्ना हुन न्युनतम कति वर्षको उमेर हुनुपर्छ ?

(क) १७ (ख) १८ (ग) १९ (घ) २०

(२) ट्राफिक लाईट रातो बल्दा सवारी चालकले के गर्नु पर्दछ ?

(क) रोक्नु पर्छ (ख) चलाउनु पर्छ (ग) दायाँ मोड्नु पर्दछ (घ) बाँया मोड्नु पर्दछ

(३) जेब्रा क्रसिङ भन्नाले के बुझिन्छ ?

(क) पैदल यात्रीले बाटो काट्ने ठाउँ (ख) सवारी पार्किङ स्थल (ग) सवारी रोक्ने स्थल (घ) कुनैपनि होइन

(४) गाउँ प्रहरी जवानले कुन कार्यालयमा काम गर्नु पर्दछ ?

(क) खत्याड गाउँपालिका (ख) जिल्ला प्रहरी कार्यालय (ग) प्रहरी चौकी (घ) माथिका सबै

(५) तलका मध्ये करन गाउँ प्रहरीको आचरण भित्र पर्दैन?

(क) राजनीतिमा भाग लिन नहुने

(ख) बहु-विवाह गर्न नहुने

(ग) व्यापार व्यवसाय गर्न नहुने

(घ) जनतासँग अन्तक्रिया गर्न नपाइने

(६) प्रहरी जवान बढुवा पश्चात कुन दर्जामा पुग्दछ ?

(क) प्रहरी नायब निरीक्षक (ख) प्रहरी सहायक निरीक्षक (ग) प्रहरी हवल्दार (घ) प्रहरी निरीक्षक

(७) नेपाल प्रहरीमा श्रेणीविहिन पद भन्नाले कुन पदलाई जनाउँदछ ?

(क) प्रहरी कार्यालय सहयोग (ख)प्रहरी हवल्दार (ग) प्रहरी जवान (घ) प्रहरी सहायक निरीक्षक

(८) प्रहरी प्रधान कार्यालय कुन ठाउँमा पर्दछ ?

गाउँ कार्यपालिकाको कार्यालय
खत्याड, मुगु
कर्णाली प्रदेश, नेपाल
कार्की
प्रमुख प्रशासकीय अधिकृत

(क) काठमाण्डौ(नक्साल) (ख) काठमाण्डौ(वानेश्वर) (ग) पोखरा(पृथ्वीचोक) (घ) विराटनगर(रानी)

(९) खुकुरी डण्डा क्रस माथि एक तारा प्रहरीको कुन दर्जा हो ?

(क) प्रहरी निरीक्षक (ख) प्रहरी वरिष्ठ उपरीक्षक (ग) प्रहरी नायब उपरीक्षक (घ) प्रहरी उपरीक्षक

(१०) नेपाल प्रहरीमा कति किसिमका विदाहरु पाइने प्रावधान छ ?

(क) आठ (ख) चार (ग) पाँच (घ) छ

गाउँ कार्यपालिकाको कार्यालय
खत्याड, मुगु
कर्णाली प्रदेश, नेपाल

## (ङ) बौद्धिक परीक्षण (१० प्रश्न × १ अंक = १०)

(१) समूहमा नमिल्ने छुटयाउनुहोस ?

(क) कलम (ख) कापी (ग) मसी (घ) पानी

(२) उत्तर दिशातर्फ फर्केर उभिदा आफ्नो बाँया तर्फ कुन दिशा हुन्छ ?

(क) पश्चिम (ख) पूर्व (ग) उत्तर (घ) दक्षिण

(३) यदि घरलाई वन भनिन्छ, वनलाई घर भनिन्छ भने मानिस कहाँ बस्दछन ?

(क) वन (ख) घर (ग) ओडार (घ) बारी

(४) ३, ५, ७,................?(खालि ठाउँ भर)

(५) CAT लाई ३१२० ले जनाईन्छ भने BAG लाई कतिले जनाईन्छ ?

(क) २१७ (ख) १५७ (ग) २५१ (घ) २१८

(६) उत्तरतिर फर्केर चरीरहेको गाईको पुच्छर कतातिर फर्केको हुन्छ ?

(क) दक्षिण (ख) पश्चिम (ग) उत्तर (घ) भुईतिर

(७) रामको घरबाट श्यामको घर जान ४ कि.मि. टाढा छ भने श्यामको घरबाट रामको घर जान कति टाढा होला ?

(क) ७ कि.मि. (ख) ८ कि.मि . (ग) ४ कि.मि. (घ) ६ कि.मि

(८) मोरङको विराटनगर जस्तै कास्कीको के हुन्छ ?

(क) पोखरा (ख) फेवा (ग) गण्डकी (घ) माछापुच्छे

(९) हात्तीको तबेला हुन्छ भने गाईको के हुन्छ ?

(क) गुँड (ख) गोठ (ग) खोर (घ) घर

(१०) कुनै लहरमा हरी अगाडि र पछाडि दुबै तर्फबाट नवौं स्थानमा रहेछ भने त्यस लहरमा जम्मा कति जना मानिस थिए ?

(क) १९ (ख) १८ (ग) १७ (घ) १६

<u>समाप्त</u>

(नोटः नगर प्रहरी(गाउँ प्रहरी)सञ्चालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि, २०८१ को परिच्छेद-१० को दफा ४४ मा भएको व्यवस्था बमोजिमको अधिकार प्रयोग गरी यो पाठ्यक्रम तयार गरिएको हो।)

वासुदेव कार्की
नि.प्रमुख प्रशासकीय अधिकृत